# नगरपालिकाको विनियोजन विधेयक, २०७९

घोडाघोडी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
सुखड, कैलाली

**घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय संञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।**

प्रस्तावनाः

घोडाघोडी नगरपालिकाको आर्थिक बर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाटरकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"घोडाघोडी नगरपालिकाको विनियोजन ऐन, २०७९** रहेको छ।

(२) यो ऐन २०७९ श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०७९।८० को निमित्त संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७९।८० को नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.१,०१,२३,३९,०००.००/- (अक्षेरुपी रु. एक अर्ब एक करोड तेईस लाख उनचालिस हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

# घोडाघोडी नगरपालिकाको आ. ब. २०७९।८० को बिनियोजित आय र ब्यय

| आय तर्फ | रकम | रकम रु अक्षरमा |
|---|---|---|
| राजश्व बाँडफाँड संघिय सरकारबाट प्राप्त | १७,२५,६४००० | सत्र करोड पच्चिस लाख चौसठ्ठी हजार |
| राजश्व बाँडफाँड प्रदेश सरकारबाट प्राप्त | ५९,४९,००० | उनसाठी लाख उन्पचास हजार |
| वितिय समानीकरण अनुदान संघिय सरकारबाट प्राप्त | २०,७०,००,००० | बीस करोड सत्तरी लाख |
| वितिय समानीकरण अनुदान प्रदेश सरकारबाट प्राप्त | १,५४,२६,००० | एक करोड चौपन्न लाख छब्बिस हजार |
| संघिय सरकारबाट प्राप्त समपुरक अनुदान | ३,९०,००,००० | तीन करोड नब्बे लाख |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | १,१८,००,००० | एक करोड अठार लाख |
| संघिय सरकारबाट प्राप्त विशेष अनुदान | ५,८५,००,००० | पाँच करोड पचासी लाख |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ९५,००,००० | पन्चानब्बे लाख |
| संघिय सरकारबाट प्राप्त शशर्त अनुदान | ३५,७६,००,००० | पैतीस करोड छहत्तर लाख |
| प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान | ० | |
| आन्तरिक श्रोतबाट प्राप्त नगद राजश्व | १३,५०,००,००० | तेह्र करोड पचास लाख |
| **कुल आय** | **१,०१,२३,३९,०००** | **एक अर्ब एक करोड तेईस लाख उनचालिस हजार** |
| **ब्यय तर्फ** | **रकम** | **रकम रु. अक्षरमा** |
| नगरपालिका कार्यालय | १५,४९,१३,००० | पन्ध्र करोड उन्पचास लाख तेह्र हजार |
| वडा कार्यालय | ९,६७,००,००० | नौ करोड सरसठ्ठी लाख |
| शिक्षा युवा तथा खेलकुद शाखा | ३१,११,००,००० | एकतिस करोड एघार लाख |
| स्वास्थ्य शाखा | ५,९३,००,००० | पाँच करोड त्रियानब्बे लाख |

| | | |
|---|---|---|
| कृषि शाखा | २,०३,००,००० | दुई करोड तिन लाख |
| पशु शाखा | ४३,००,००० | त्रिचालिस लाख |
| सुचना तथा प्रविधी शाखा | ४०,००,००० | चालिस लाख |
| न्यायिक समिति | १०,००,००० | दश लाख |
| पर्यटन | १५,००,००० | पन्ध्र लाख |
| महिला तथा बालबालिका | २०,००,००० | विस लाख |
| राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | १८,००,००० | अठार लाख |
| उद्यम विकास | ४१,००,००० | एकचालिस लाख |
| रोजगार सेवा केन्द्र | १,५७,००,००० | एक करोड सन्ताउन्न लाख |
| सहकारी | १२,००,००० | बाह्र लाख |
| नविकरणीय उर्जा | १०,००,००० | दश लाख |
| संस्कृती पर्यटन विकास | १५,००,००० | पन्ध्र लाख |
| पर्यटन पर्वद्धन कार्यक्रम | ४०,००,००० | चालिस लाख |
| तराई मधेश समवृद्धि कार्यक्रम | ७५,००,००० | पचहत्तर लाख |
| झोलुङ्गेपुल विकास निर्माण | ३५,००,००० | पैतिस लाख |
| सुरक्षित नागरिक आवास कार्यक्रम | १,०२,००,००० | एक करोड दुई लाख |
| नगरपालिका कार्यालय पुजिगत तर्फ | ७,२१,२६,००० | सात करोड एक्काईस लाख छब्बिस हजार |
| गत वर्षको दायित्व भुक्तानी बाँकी | ३,५०,००,००० | तिन करोड पचास लाख |
| दाखिला गर्न बाँकी कर | ५०,००,००० | पचास लाख |
| लागत साँझेदारी कोष | २,५०,००,००० | दुई करोड पचास लाख |
| संघिय सरकार समपुरक अनुदान | ७,८०,००,००० | सात करोड असी लाख |
| प्रदेश सरकार समपुरक अनुदान | २,३६,००,००० | दुई करोड छतिस लाख |
| संघिय सरकार विशेष अनुदान | ५,८५,००,००० | पाँच करोड पचासी लाख |
| प्रदेश सरकार विशेष अनुदान | ९५,००,००० | पन्चानब्बे लाख |
| **कुल ब्यय** | **१,०१,२३,३९,०००** | **एक अर्ब एक करोड तेईस लाख उनचालिस हजार** |